आमाछोदिङमो गाउँपालिका, गाउँ कार्यपालिका बैठक संख्याः १।०८१/०८२

मिति २०८१ साल श्रावण २८ गतेको कार्यपालिका बैठकको निर्णयहरु

१) पालिकाको प्रसिद्ध धार्मिकस्थल पार्वतीकुण्डमा २०८१ भाद्र ३ गते जनैपूर्णिमाको दिन लाग्ने मेलाको व्यवस्थापन गर्ने निम्न बमोजिमको समिति बनाई जिम्मेवारी दिने तथा मेला व्यवस्थापनको लागि विविध कार्यक्रम खर्च शीर्षकबाट एक लाख रूपैयाँ व्यवस्थापन खर्चको लागि रकम विनियोजन गर्ने ।

- सुरेन्द्र तामाङ, ३ नं. वडा अध्यक्ष
- फूर्जु देजी तामाङ, कार्यपालिका सदस्य
- छेवाङ दोर्जे तामाङ, योजना शाखा प्रमुख
- निमा नुर्पु तामाङ, स्वास्थ्य शाखा प्रमुख

२) गाउँपालिका अन्तरगत देहाय बमोजिमका पदमा रिक्त रहेका पदमा करार पदपूर्तिका लागि विज्ञापनको प्रक्रिया अघि बढाउने ।

- रोजगार संयोजक
- प्राविधिक सहायक
- रोजगार सहायक
- कृषि नायब प्राविधिक सहायक
- पशु नायब प्राविधिक सहायक

३) गाउँपालिकाको विधायन समितिबाट पारित भई गाउँ कार्यपालिकामा पठाइएको देहाय बमोजिमका कार्यविधि तथा निर्देशिका पारित गरियो ।

- गाउँपालिकाको कर्मचारी कल्याण कोष सञ्चालन निर्देशिका २०८१
- स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि २०८१
- कालो सूची प्रकाशन सम्बन्धी कार्यविधि २०८१
- यान्त्रिक उपकरण कार्यविधि २०८१

- गाउँपालिकाको विपद् प्रभावित क्षेत्रहरूमा जोखिम न्यूनिकरणका लागि विपद् व्यवस्थापन समिति मार्फत वडा तहको संयन्त्रलाई जुनसुकै समयमा परिचालन हुने गरी तयारी अवस्थामा रहन निर्देशन दिने । साथै वर्षादको कारण अवरुद्ध भएका तथा मर्मत गर्नु पर्ने तपसिल बमोजिमको सडकहरू विपद व्यवस्थापन कोषमा विनियोजन भएको बजेट मार्फत खुलाउने ।
- रोङ्गा-थाम्बुचेत- गतलाङ सडक
- कोमिन बाह घुम्ती माथि देखि गोल्जुड, गतलाङ सडक
- फुलबारी हाकुवेसी गोरेटो बाटो

४) गाउँपालिका भित्र कार्यरत करार कर्मचारीहरूको आर्थिक वर्ष २०८०।०८१ को कार्यसम्पादन मूल्याङ्कनमा मापदण्ड बमोजिमको अङ्क प्राप्त गर्ने कर्मचारीहरूको करार म्याद २०८१ पौष मसान्त सम्मको लागि थप गर्ने ।

५) मिति २०८१ असार २७ गते तदअनुसार ११ जुलाई २०२४ मा Boden Municipality, Norrbotten Country, Sweden बाट यस गाउँपालिकाका तपसिल बमोजिमका पदाधिकारीलाई दिगो विकास, उर्जा क्षेत्र, सामाजिक सहभागिता, प्रविधि हस्तान्तरण, जलस्रोत व्यवस्थापन लगायतका विषयमा सहयोग र सहकार्य गर्न भ्रमणको लागि निमन्त्रणा प्राप्त भएकोले उल्लेखित गाउँपालिका पदाधिकारी प्रतिनिधिहरूलाई भ्रमणमा सहभागी हुन स्वीकृति दिने र विदेश भ्रमणका लागि सहमति प्राप्तीको लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत आवश्यक प्रक्रिया अघि बढाउने ।

- बुचुङ तामाङ
- गोपाल प्रसाद दुलाल
- विर बहादुर ओली
- सुशिल फुयाँल

ऋषिकेश अधिकारी
नि.प्रमुख प्रशासकीय अधिकृत

आमाछोदिङमो गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गोल्जुङदेशी, रसुवा
बागमती प्रदेश, नेपाल

CamScanner